कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक ४० (संयुक्तांक २४६) ने. सं. ११३६ बछलाथ्व द्वादशी बुधवाः २०७३ जेठ ५ गते बुधवार (May 18, 2016) मूल्य रु.५/- पृष्ठ १०

# धर्माचार्य पहिलो मातृभाषा पत्रकार घोषणाको माग

## मातृभाषा पत्रकार दिवस मनाउन भव्य तयारी



नेपालभाषाको सबैभन्दा पहिलो पत्रिका "बुद्ध धर्म व नेपालभाषा" प्रकाशित गर्नुभएका धर्मादित्य धर्माचार्य नेपालभाषाको पहिलो पत्रकार मात्रै हैन अव नेपालको पहिलो मातृभाषा पत्रकारको रुपमा धर्माचार्यलाई मान्नुपर्ने माग नेवाः पत्रकार राष्ट्रिय दबूले गर्दै आएको छ ।


बुद्ध धर्म

(NEPALESE)

देशभरीका नेवाः पत्रकारहरुको साझा राष्ट्रिय संगठन नेवाः पत्रकार राष्ट्रिय दबूले आउदो शुक्रवार मातृभाषा पत्रकार दिवस भब्य रुपमा मनाउने भएको छ । ललितपुरको पुल्चोकमा रहेको धर्मादित्य धर्माचार्यको शालिकमा माल्यार्पण गरि प्रभावफेरी समेत गर्ने तयारी भएको छ ।

विभिन्न पत्रकार संगठनका प्रतिनिधिहरु साथै व्यक्तित्वहरुको सहभागीतामा हुने सो ऱ्याली ललितपुर नगर परिक्रमा पश्चात दरवास्क्वायर मंगलवजारमा एक समारोह गरि सम्पन्न गर्ने कार्यक्रम रहेको छ । हालै मात्र बसेको नेवाः पत्रकार राष्ट्रिय दबूको बैठकले सो निर्णय गरेको हो । नेपाल संवत १०४५ अर्थात आजभन्दा करिव ९० बर्ष पहिले उहाँले प्रकाशित गरेको बुद्धधर्म व नेपालभाषा पत्रिका नै नेपालको मातृभाषामा प्रकाशित पहिलो पत्रिका हो ।

आफै प्रकाशक र सम्पादक भई राणाकालमा कलकत्तावाट सो पत्रिका प्रकाशित गर्नु भएको हो । त्यसैले नेवाः पत्रकार राष्ट्रिय दबूले धर्मादित्य धर्माचार्यलाई नेपालभाषाको पहिलो पत्रकार मात्र हैन नेपालको मातृभाषाका पहिलो पत्रकारको रुपमा घोषणा गर्नुपर्ने माग गर्दै आएको छ । धर्मादित्य धर्माचार्य नेपालका मातृभाषाका पहिलो पत्रकारको रुपमा घोषणा गर्न माग गर्दै औपचारिक रुपमा नै मुद्दालाई उठाएको थियो । धर्मादित्यको जन्म बुद्ध जयन्तीको दिनमा भएको र उहाँले प्रकाशित गरेको पहिलो पत्रिका पनि बुद्ध जयन्तीको दिनमा नै प्रकाशित भएका कारण बुद्ध जयन्तीको अघिल्लो दिन आउँदो शुक्रवार मातृभाषा पत्रकार दिवस मनाउन लागेको हो । धर्मादित्य धर्माचार्यको वास्तविक नाम जगमान बैद्य हो ।

ललितपुरमा जन्मनु भएका धर्मादित्य धर्माचार्य अर्थात जगतमान बैद्य मातृभाषाका पहिलो पत्रकारका साथ साथै नेपालभाषाका कार्यकर्ता, बौद्ध धर्मका अभियन्ता साथै नेवाः समुदायका कुशल संगठक पनि हुनुहुन्छ । धर्मादित्य धर्माचार्यको नामवाट विभिन्न पुरस्कारहरु समेत स्थापना भइसकेको अवस्था छ ।


# SLC

## Bridge Course

1.SCIENCE
2.MANAGEMENT
3. TECHNICAL
● NURSING/HA
● OVERSEER
● ENGIMEERING

SUBJECTS
English
Maths
Physics
Chemistry
Biologu
GK and IQ

VALLEY
Institute Kirtipur
NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

# आबश्यकता

यस मोविल्याण्ड ग्रुपको लागि निम्नलिखित कर्मचारीहरुको पदपूर्ति गर्नु परेकोले इच्छुक योग्य उम्मेदवारहरुले २०७३ जेठ २१ गतेसम्ममा दरखास्त आव्हान गरिन्छ ।

**तपशील**

| पद | संख्या | योग्यता |
| --- | --- | --- |
| १.मार्केटिंग म्यानेजर | २ | स्नात्तकोतर |
| २.मार्केटिंग अफिसर्स | १० | स्नातक |
| ३.असिस्टेन्ट एकाउन्टेन्ट | ५ | स्नातक |
| ४.असिस्टेन्ट एडमिनिस्ट्रेशन | ३ | स्नातक |
| ५.असिस्टेन्ट मार्केटिंग म्यानेजर | ४ | प्लस टु वा सो सरह पास |
| ६.सेल्स अफिसर | ५ | प्लस टु वा सो सरह पास |
| ७.सवारी चालक | १ | लेखपढ गर्न जान्ने |

मोबिल्याण्ड इलेक्ट्रोनिक प्रा.लि.
बाहिरीगांव, कीर्तिपुर–१७
फोन नं. ४३३४२३५

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# वार्तावात समस्या समाधानको आवश्यक

अहिले मुलुकको सामाजिक संरचना भनेको त्रिकोणात्मक छ। एउटा पक्ष खस आर्य अर्को पक्ष जनजाति र तेस्रो पक्ष भनेको मधेसी समुदाय हो।

यी तीन समुदाय मध्य मधेसी र जनजाति समुदाय जारी भएको संविधानमा आफूहरुको हक अधिकार सुनिश्चित नभएको ठहर गर्दै आन्दोलनमा उत्रेका छन्। मधेसी र जनजातिले उठाउदै आएको पहिचानको मुद्दा, भाषिक समानतादेखि राज्यका हरेक निकायमा समानुपातिक समावेशीको मुद्दा अहिलेको अवस्थामा मधेसवादी दलदेखि जनजाति राजनीतिक पार्टीहरुले उठाउदै पछिल्लो समयमा संघीय गठबन्धनले आन्दोलन गर्दै आएको छ। राजधानी केन्द्रीत आन्दोलन गरिरहेको र उनीहरुले उठाएका मागलाई सम्वोधन गर्न राज्य पक्षले तत्काल वार्ताको वातावरण तयार गर्नुपर्ने अवाश्यकता छ।

सबै विषय वार्ताको माध्यमवाट समाधान हुने विश्वास गर्ने प्रजातन्त्रवादी र लोकतन्त्रवादी राजनीतिक दलहरु नै वार्ताको वातावरण तयार गर्न अग्रसर हुनु पर्छ। वर्तमान सरकारको नेतृत्व गरिहेका राजनीतिक दलदेखि प्रमुख प्रतिपक्ष दलले समेत असन्तुष्ट राजनीतिक दलका मागलाई संविधान संशोधनमार्फत सम्वोधन गर्नका लागि पहलकदमि गर्नुपर्ने अवस्था छ।

**विनोद श्रेष्ठ**




# विश्व मानचित्रमा धिमेबाजा



**इन्द्रबहादुर महर्जन**
**पाँगा, सिकुछे**

ठाउँ ठाउँमा राफ्टिंकको व्यवस्था पनि भएको छ। यति धेरै नदीनाला अरू कुनै राष्ट्रमा छैन अतः नेपाल विश्व मानचित्रमा उच्च भएको प्रमाण छ। यदि यी नदीनालाहरूको सदुपयोग गर्न सकेको भए वा विद्युत पर्याप्त मात्रामा उत्पादन गर्न सके र राफ्टिंगको पर्याप्त संचालन गर्न सके विश्वमा धनी राष्ट्र हुन सकिन्छ। तराई, मध्य प्रदेश, उच्च हिमाल प्रदेश, चुरेप्रदेश, महाभारत प्रदेश अलग अलग खण्ड विखण्डमा जनावर, पंक्षीहरू, अनेक प्रकार का पंक्षीहरू (दशौ हजारका पंक्षीहरू) नेपाल भित्र पाइन्छ र हजारौं प्रकारका जनावरहरू पाइन्छन्। यति धेरै प्रकारका पशुपंक्षी अरू राष्ट्रमा छैन। नेपालमा १०० भन्दा बढी प्रकार का हावापानी पाइन्छ। हिमालदेखि तराईसम्म फरक फरक प्रकारका हावापानी पाइन्छ। यस्तो प्रकारको हावापानी अरू कै राष्ट्रमा छैन अतः नेपाल विश्व मानचित्रमा सबैभन्दा उच्च छ। उच्च प्रदेशमा टूकिंग जाँदा डाँफे, मयूर, भोटेपरेवा र अन्य प्रकार का रंगीचंगी पंक्षीहरू, झर नाहरू, हावा, मनमोहक वातावरणले टूकिंग जाँदा थकाई नै लाग्दैन। यस्तो मनोरञ्जन हावापानी अरू देशमा छैन। १०१४ प्रकारका हिमालहरूमध्ये नेपालमा पर्ने ६०० भन्दा बढी नाम भएका हिमालहरू पर्दछन् अतः विश्व मानचित्रमा नेपाल सबैभन्दा उच्च छ। विश्वमा पुरानो सभ्यता इजिप्त र रोम हो, भन्ने वैज्ञानिक, नेपालको सभ्यता देख्दा गिरेको पाइएको छ र विश्वसभ्यता अध्ययन गर्दा नेपाललाई नै प्रथम सभ्यता हो भनी प्रमाणित गरी फर्के। नेपालको सभ्यता देखेर वि.सं. ४९६ सालमा नेपालको शिल्पकार, चित्रकार, काष्ठकला कर्मी, धातु कलाकर्मी, मूर्तिकारहरूलाई तिब्बतमा लगेर त्यहाँ प्रचार गर्न लगाएको कुरा लिच्छवीकालको इतिहासमा पाइन्छ। विश्वको अन्य राष्ट्रले गर्न नसकेको कलाकृतिहरूको उच्च विकास भएकोले नै तिब्बती राजा श्रृङ्चङगम्पोले नेपालको भृकुटीलाई विहे गरेको हो भनी लिच्छवी इतिहासमा उल्लेख गरेको छ। अतः विश्व मानचित्रमा नेपाल उच्च भएको प्रमाण छ। २० हजारदेखि १ हजार वर्ष अगाडिसम्म जंगली यूग हो भनि वैज्ञानिकले भने पनि नेपालमा ५ हजार वर्ष अगाडि देखिनै स्थायी बसोबास भएको प्रमाण छ। काठमाडौं उपत्यकामा मञ्जुश्रीको माध्यमबाट चोभार डाँडा काटी काठमाडौं उपत्यकामा बस्ती भएको ५ हजार वर्ष अगाडि पनि मातातिर्थमा गोपाल वंशी राजाले स्थायी बस्ती गरी सकेको प्रमाण भएको नेपालको इतिहासमा उल्लेख गरेको छ। अतः नेपाल विश्व मानचित्रमा उच्च छ। गोपालवंश भारतको वैशालीबाट लखेती भागेर आएको भनी इतिहासमा उल्लेख छ। त्यो समयसम्म अमेरिकाको नाम संसारमा छैन। १३ हजार वर्ष अगाडि जानकी सीता जन्मेको नेपालको जनकपुरमा हो भनी रामायणमा उल्लेख छ। सीताले महिला संसारलाई आफ्नो भूमिका फैलाएको छ। २५ सय वर्ष अगाडि भगवान बुद्ध नेपालको लुम्बिनीमै जन्मेको र वहाँले नेपालको इज्जत फैलाएको प्रमाण छ र वहाँकै सिद्धान्त अनुसार संयुक्त राष्ट्र संघ स्थापना गरेको हो। वहाँलाई शान्तिको अग्रदूत भनिन्छ अतः नेपाल विश्व मानचित्रमा सबैभन्दा उच्च देखिन्छ। वहाँले मानव धर्मको आँखा खोलिदिएको छ। इतिहासकारले लेखेको छ( पशुपति ज्योतिर्लिङ आफसेआफ उत्पत्ति भएको र ५ हजार वर्ष अगाडि गोपालवंशका जनतामध्ये गोठाला आउनेले गोरुको कोखा मुनि दूध निस्केको र अचम्म भई त्यहाँ गोठालोहरूले माटो खनेर हेर्दा ज्वाला निस्की आउने सबै भष्म भएको र कालान्तरमा अर्को पुस्ताले त्यहाँ खनेर हेर्दा पशुपतिको ज्योतिर्लिङ २४ सौं घण्टा तेज भएकोले त्यसको पशुपतिनाथ मन्दिर बनाएको उल्लेख छ। यस्तो अद्भूत तेज र अलौकिक अरू देशमा पाईदैन। अत विश्व मानचित्रमा नेपाल उच्च भएको प्रमाण हो। १७ सय वर्ष अगाडि तौदहका नागराजा कर्कटकले दिएको हीराको भोटो ज्वजलमान भएको भनी संसारले थाहा छ। त्यो भोटो रातो महेन्द्रनाथको जात्रामा देखाउँछ ५ हजार वर्ष अगाडि मञ्जुश्रीले काठमाडौं उपत्यकाको ठूलो दहमा रोपेको कमलको फूल पनि ज्वजलमान भएको भनि प्राचिन इतिहासकारले बताउँछ। यस्तो अलौकिक वस्तु अरू देशमा पाइदैन। अतः विश्व मानचित्रमा नेपाल धेरै उच्च भएको प्रमाण छ।

## ४. विश्व मानचित्रमा आध्यात्मिक धारणा

विश्व मानचित्रमा दैविशक्ति र धर्मपुराणमा धेरै जसो नेपाल र भारतमा देखिन्छ। कीर्तिपुरमा १७०० वर्ष अगाडि महादेव, पार्वती र गणेश आकाशमार्गभै आउँदा त्यही समयमा भेडाबाखा चराउने गोठालाहरूले सानो माटोको बाघ बनाई मुखमा जिब्रो राख्न खोज्न जाँदा आकाशमार्गबाट आउनु भएका महादेव माटोबाट बनाएको बाघमा आफ्नो आत्मापसि सबै भेडाबाखा खाइदिएको र गोठालाहरू फर्केर आउँदा सबै भेडाबाखा नभएको र सानो माटोको बाघको मुखबाट रगत चुहेर आएको देखे पछि सबै भेडाबाखा खोई भनेर सोध्दा माटोको बाघले आँ गर्दा रगत ह्लल्ला निस्केकोले जिब्रो नराखेको र त्यही समयदेखि बाघ भैरव प्रकट भएको भनी विश्व प्रख्यात छ। सत्य यूगमा महादेवको कृपाले सांखुमा राजा भएको महादेव हात्तीको आत्मामा पसि नवराजलाई फूलको माला लगाई लावनी देश (साँखु) को राजा भएको र चन्द्रावतीको धमण्डीको कारण स्वस्थानीको प्रसाद थुथु गरी खुट्टाले मिल्काएको कारण चन्द्रावती बसेको डुंगामा आँधी आई डुंगाको बीचमा प्वाल भई चन्द्रावती बगाएको ठाउँ साँखु अहिले पनि ताजा छ। अतःविश्व मानचित्रमा आध्यामिक तर्फबाट पनि नेपाल उच्च भएको प्रमाण छ। महादेवको श्रीमती सत्यदेवी प्राचीन समयमा दक्षप्रजापति राजाले होम गरेको ठाउँ टोखाको काली माई स्थानमा सत्यदेवीले श्रीमान महादेवको अपमान र नानाथरीको गाली सुन्न नसकी असमेर योग्य गरेको होममा हाम्फाली देह त्याग गरेको ठाउँ टोखामा आज पनि ताजा छ। र होमकुण्डमा सत्यदेवीको सालिक छ। महादेव वीरभद्र र काली प्रकट गरेको र दक्षप्रजापतिलाई बोकाको टाउँको राखेको सबै ढुंगा र धातुको मूर्ति बनाएको छ र त्यसको १०० वर्ष पछि पार्वती हिमाल पर्वतमा जन्मेर विवाह समयमा महादेवलाई पार्वतीका मातापिताले स्वीकार नगरेको कारण महादेव किराती प्रथम राजा यलम्बरको रूप धारणा गरी पार्वतीलाई भेट्न गएको कुरा किरातीं इतिहास र शिवपुरानमा उल्लेख छ। अतः नेपाल लाखौं वर्ष अगाडि देखि नै विश्व मानचित्रमा उच्च छ भनि प्रमाण छ। राम, लक्ष्मण र सीता बनवास जाँदा ललितपुर गोदावारीमा ठूलो बगैंचा, अनेक थरीका सुगन्ध फूलहरू भएको ठाउँमा रामको कुटी बनाएको र गोदावरीको घना बगैंचा देख्दा सीताको मन चञ्चल भएको र त्यही ठाउँबाट सीतालाई रावणले अपहरण गरी लंकामा लगेको कुरा रामायणमा उल्लेख छ। ५ हजार वर्ष अगाडि पाँच पाण्डव १२ वर्ष वनजाँदा पाँचखालमा बसोबास गरी पासा खेलेकोले पाँचखाल नाम रहेको भनी महाभारतमा उल्लेख छ। रामायणमा बाली र सुग्रिव युद्ध भएको पांगा इलाकामा हो भनि परम्परा छ र बालीलाई मारेको ठाउँमा पाँगाका दथल टोलबासीहरूले मर्दा जाखाको बाली मारेको ठाउँमा भातको पोको, चामलको पोको नर्कतको भर्याङ बनाई झुण्ड्याउने अहिले पनि चलन छ। पाँगा छेउको जाखाजाने वाल्चा भनी ठाउँमा राम, लक्ष्मण लुकी बालीलाई बाण हानेको परम्परामा उल्लेख छ। अतः विश्व मानचित्रमा नेपाल उच्च छ। प्राचीन समयमा नेपाल ऋषिमुनीहरूको तपस्या केन्द्र भनिन्छ। भारतको राक्षशराज बलीराजाको समयमा हिन्दमहासागरमा समुद्र मन्थनबाट निस्केको कालकूद विष संसारलाई रक्षा गर्न महादेवले आफ्नो कण्ठमा राख्दा ज्यादै पोलेकोले गोसाइकुण्डमा हिउँको पानीबाट ठण्डा गर्न पानी कुण्डमुनी सुतेको भनी विष्णुपुराणमा उल्लेख छ। अतःविश्व मानचित्रमा नेपाल उच्च भएको प्रमाण छ। नेपालमा तान्त्रिक विद्या सत्य यूगदेखि चलिआएको वा लाखौं वर्ष अगाडि देखि चलि आएको भन्ने कुरा धारावाहिक पुरानमा उल्लेख गरेको छ। भक्तपुरका राजा शिवदेवको प्रधानमन्त्री शिवानन्द तान्त्रिक विद्वान थिए। उसले भक्तपुरमा छिमेकी राज्यले आक्रमण गर्ने पत्र आउँदा लडाई अगाडि नै बीसौं हजार बाघ भएर प्रत्याक्रम गर्थे, कहिले करोडौं अरिंगाल भई प्रत्याक्रमण गरी भक्तपुरलाई सुरक्षा गर्थे। एक दिन श्रीमतीको जिद्दीले अजिंगर हुनु परेको र भक्तपुर दरबार अगाडि दुवै अंजिगर एक महिनासम्म उभिन जाँदा राजाले समेत अनजान ध्यान नदिए पछि आत्महत्या गरी दुवै मरेकोले शिवानन्दको अजिंगरको नाममा बिसिका जात्रा वा सर्पमरेपछि जात्रा भनि जात्रा सुरु गरेका छन्। सर्पको नाममा शिवलिङ उठाउने गर्छ। क्रमशः

## कीर्तिपुरमा १७०० वर्ष अगाडि महादेव, पार्वती र गणेश आकाशमार्गभै आउँदा त्यही समयमा भेडाबाखा चराउने गोठालाहरूले सानो माटोको बाघ आएको

# बालुवाटार घेराउमा झडप

काठमाडौं । जेठ ४ । संघीय गठबन्धनको शान्तिपूर्ण बालुवाटार घेराउ कार्यक्रममा प्रहरीले अन्धाधुन्ध लाठ्ठीचार्ज गरेपछि दोहोरो झडप भएको संघीय समाजवादी फोरमका केन्द्रीय सदस्य राजन केसीले जानकारी दिएका छन् । झडपमा १ दर्जन नेता कार्यकर्ताहरु घाइते भएका छन् ।

'पूर्व निर्धारित कार्यक्रमअनुसार शान्तिपूर्ण ढंगले प्रदर्शन गरिरहेका बेला बिहान करिब १०:४५ बजे आन्दोलनकारीमाथि प्रहरीले लाठ्ठी बर्साएको हो,' समाजवादी युवा फोरमका अध्यक्ष सुनिल चौधरीले भने, 'शान्तिपूर्ण आन्दोलनमा सहभागी हुने जनताको मौलिक अधिकार हो तर ओली सरकार अत्तालिएर अनावश्यक बल प्रयोग गरिरहेको छ । झडपमा घाइते केही साथीहरु सडकमा लडिरहेको अवस्थामा उपचारका लागि उठाउन जान खोज्दासमेत प्रहरीले केही बेर रोकेको थियो । यो निन्दनीय र अमानवीय व्यवहार हो ।'

झडपमा समाजवादी फोरमका केन्द्रीय सदस्यहरु रमेश राई, विष्णुजंग बस्नेत, मञ्जु अन्सारी, पृथ्वीबहादुर कार्की र पूर्णबहादुर बस्नेत, ट्रेड युनियनका दयाराम राई र यज्ञकुमार राई, विद्यार्थी फोरमका प्रकाश राई र रञ्जित गोश्वामी, गणेश प्रसाद यादव लगायत घाइते भएका छन् ।

## कांग्रेस कोषाध्यक्षले भनिन् 'गठबन्धनको आन्दोलनमा पार्टीको समर्थन छ'



काठमाडौं, जेठ ४ । नेपाली कांग्रेस कोषाध्यक्ष सीतादेवी यादवले बिभिन्न माग राखेर सुरु भएको राजधानी केन्द्रित आन्दोलनलाई पार्टीको समर्थन रहेको बताएकी छन् । मधेसमा दुई प्रदेश हुनुपर्ने बताउँदै कोषाध्यक्ष यादवले जनताको हरेक आन्दोलनमा कांग्रेसको समर्थन रहने बताइन् । रिर्पोर्टर्स क्लबले आज आयोजना गरेको साक्षात्कार कार्यक्रममा केपी ओली नेतृत्वको सरकार समस्या समाधानभन्दा चर्काउन लागिरहेको आरोप लगाइन् । जसरी पनि सत्ता टिकाउने खेलमा लाग्नु भन्दा मधेसको माग पुरा गरेर घोषित संविधान कार्यान्वयनमा लाग्नुपर्ने यादवको सुझाब थियो । मधेस समस्या समाधान नभएसम्म संविधान कार्यान्वयन हुन नसक्ने उनको तर्क थियो ।

# क्रियटिभ स्कूलमा "इन्द्रायणी जात्रा" मञ्चन



कुनै पनि स्तरीय विद्यालयले आफ्ना विद्यार्थीहरुलाई केवल किताबी ज्ञानमात्र दिंदैनन् । सामाजिक, सांस्कृतिक, ऐतिहासिक महत्वका विषयवस्तुको बारेमा पनि ज्ञान दिने गरिन्छ । यसैक्रममा कीर्तिपुरका एक स्तरीय विद्यालय क्रिएटिभ एकेडेमीले कीर्तिपुरको सात गाउँले जात्रा अन्तर्गत कीर्तिपुरमा मनाइने जात्रा इन्द्रायणी जात्राको बारेमा आफ्ना विद्यार्थीहरुलाइ नाटक मञ्चन गरी जानकारी दिन सफल भएको छ ।

गत विहिबार क्रिएटिभ नाटकघर कीर्तिपुरमा इन्द्रायणी जात्रा मञ्चन गरिएको छ । ब्रिटिस काउन्सिलको इन्टर नेशनल स्कुल अर्वाड कार्यक्रम अन्तर्गत स्थानीय पाठ्यक्रममा आधारित भएर उक्त नाटक मञ्चन गरिएको हो ।

इन्द्रायणी जात्रा कीर्तिपुरका नेवार समुदायले हरेक वर्ष मनाउने एक जात्रा हो । नाटकले उक्त जात्राको सुरुवात र निरन्तरतालाई पस्किने कोसिस गरेको छ ।

नाटकको विषयवस्तु अनुसार उहिले कीर्तिपुरमा एउटा पिठगण थियो । उक्त पिठगणमा हरेक रात एउटा राक्षस आउने गर्दथ्यो । उक्त राक्षसको आहाराको लागि समाजका हरेक घरबाट पालैपालो दिनको एक जनाको दरले पालो बस्न जानु पर्दथ्यो ।

एकदिन एउटा घरको पालो थियो । जुन घरमा एक जना बुढा र उनकी श्रीमती मात्र बस्दथे । उनीहरु को पालो बस्न जाने भनेर सल्लाह गर्दै गर्दा एकजना बटुवा उक्त घरमा आइपुगे र पालो बस्न आफू नै जान्छु भन्दै जिद्धि गर्न थाले ।

यो कुरा राजदरबारसम्म पुग्यो । राजाले पनि उक्त बटुवालाई नै पालो बस्न पठाउने निर्णय सुनाएपछि ति बटुवा सरसामान लिएर पालो बस्न गए । राती जब राक्षस आएर उनलाई खान खोज्यो त्यसैबेला उनले राक्षसलाई नै मारिदिए । यसरी उक्त बटुवाले राक्षसलाई मारेको र गाउँलेहरु पालो बस्न जानबाट मुक्त भएको खुशियालीमा हरेक वर्ष इन्द्रायणी जात्रा मनाउन थालिएको प्रसङ्ग सहित नाटकको अन्त्य हुन्छ ।

प्रेम पौडेलको परिकल्पना तथा निर्देशन रहेको उक्त नाटकको संयोजन खगेन्द्र गौतमले गर्नुभएको छ । नाटकमा शुसान्त अधिकारी, प्रयुला पौडेल, सन्तोष पोखरेल, सुवेग पौडेल, सन्दीप भण्डारी, युरानस अधिकारी लगायतका कलाकारहरुको अभिनय रहेको छ ।


# आवश्यकता

यस बाघ भैरव माध्यमिक विद्यालय चम्पादेवीमा मा.वि. तहको लागि विज्ञान शिक्षक (संख्या १) आवश्यकता भएकोले २१ वर्ष पुरा भई ४० वर्ष ननाघेका इच्छुक उम्मेदवारहरुले मिति २०७३/२/११ गतेसम्ममा दरखास्त आव्हान गरिन्छ ।

***दरखास्त साथ पेश गर्नुपर्ने***

१. शिक्षण अनुमति पत्रको फोटोकपी
२. व्यक्तिगत विवरण
३. नागरिकताको प्रमाणपत्र
४.शैक्षिक प्रमाणपत्रको प्रतिलिपिहरु
५. कार्य अनुभवको प्रमाणपत्रहरु
६. दरखास्त दस्तुर रु.१०००/–

***नोट : अंग्रेजी भाषामा दखल भएको र कम्प्युटरमा निपुण हुनुपर्ने, विज्ञान र गणीत विषय अध्यापन गराउन सक्ने लिखित परीक्षा मिति : २०७३/२/८ गते हुनेछ ।***

शिवहरि गिरी
प्रधानाध्यापक
**बाघभैरव माध्यमिक विद्यालय**
चम्पादेवी, कीर्तिपुर –८



# हार्दिक बधाई



**रोहित तामाङ**

कीर्तिपुर खेलकुद विकास समाजद्वारा नव वर्ष २०७३ सालको अवसरमा आयोजित कीर्तिपुर नगरव्यापी विद्यालय स्तरिय क्रसकन्ट्री प्रतियोगिता -७३ मा सहभागी भई यस विद्यालयका छात्र **रोहित तामाङ**ले १९.०९.०३ मिनेटमा दुरी पुरा गरी दोस्रो हुनु भएकोमा हार्दिक बधाईको साथै उत्तरोतर प्रगतिको कामना गर्दछौं ।

**कीर्तिपुर माध्यमिक विद्यालय**
**बाहिरी गाउँ, कीर्तिपुर–१७**

# जनसेवामा ट्रस हस्तान्तरण कार्यक्रम




रोटरी क्लब अफ कुपन्डोलको संयोजनमा जापानी नागरिक कियोमी यागीको आर्थिक सहयोगमा गत वर्ष जनसेवालाई ट्रस कोठा बनाई दिएका हुन । उक्त ट्रस एक कार्यक्रमका बीच गत जेठ २ गते आइतवार जनसेवालाई हस्तान्तरण गरि दिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खगेन्द्र राईको सभापतित्वमा जनसेवाको प्रांगणमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि कियामीले आफ्नो पैसाको सदुपयोग भएकोमा खुशी व्यक्त गर्नुहुँदै जापानमा उहाँका धेरै सहयोगी साथीहरु भएको र यस्तो रचनात्मक कामको योजना भएमा सहयोग गर्न आफू हरदम तयार रहेको बताउनुभयो ।

विशेष अतिथि रोटरी क्लब अफ कुपन्डोलका रोटरियन लक्ष्मीमान महर्जन र अध्यक्ष महेश्वरभक्त श्रेष्ठले रोटरी क्लबले विभिन्न पक्षमा सहयोग गर्दै आइरहेको बताउनु भयो ।

स्वागत मन्तव्य दिनुहुँदै प्राचार्य नन्दकुमारी महर्जनले कियामीको सहयोगले बनेको ट्रसलाई जनसेवा स्कुलले भौतिक शास्त्र र ड्इङ प्रयोगशालाको रुपमा प्रयोग भइरहेको जानकारी दिनुहुँदै सहयोगीदाताहरुबाट निरन्तर सहयोग पाईरहने अपेक्षा राख्नु भएको छ। जनाधार सामुदायिक क्याम्पसका अध्यक्ष माधवलाल महर्जनले जनसेवाको कामलाई सराहना गर्दै विभिन्न दातृ संस्था र दाताहरुबाट सहयोग पाइरहेको बताउनुहुँदै यस्तै सहयोग निरन्तर पाइरहेमा कलेजलाई ब्याचलर्स इन्जिनियरिंगमा लैजाने र नेपालकै नमूना सामुदायिक विद्यालय बनाउने लक्ष्य रहेको पनि बताउनुभयो ।

सभापतिको आसनबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खगेन्द्र राईले सबैलाई धन्यवाद दिनुहुँदै सहयोगी दाताहरु विद्यालय प्रांगणमा आउनु भएकोमा हर्ष व्यक्त गर्नुभयो ।

उहाँले प्रमुख अतिथि एवं अतिथिहरुलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# कीर्तिपुरमा खानेपानीको बारेमा विचारगोष्ठी हुने

गत छ महिनाभन्दा बढी भइसक्यो कीर्तिपुर क्षेत्रमा खानेपानीको हाहाकार भइरहेको छ । जनता पानी ट्यांकीको पानी किनेर काम चलाउन बाध्य भएका छन । कीर्तिपुर खानेपानी समस्याको कारण खानेपानी कार्यालयमा धर्ना, जुलुस पनि नभएको होइन । खानेपानी समाधान समिति गठन गरेर पनि खानेपानी आपूर्ति सहज गराउनतिर लागिपरेका छन् ।

यसै सन्दर्भमा कीर्तिपुर नागरिक सरोकार केन्द्र र नयाँ बजार क्लब, कीर्तिपुरको संयुक्त आयोजनामा “कीर्तिपुर नगरपालिकामा खानेपानी समस्या, अवस्था र समाधानका उपायहरु” विषयक विचारगोष्ठी हुने भएको छ । हिल साइड होटल, कीर्तिपुरमा आउने ज्येष्ठ ७ गते शुक्रवार दिनको २ बजे हुने उक्त कार्यक्रममा नगरपालिकाका कार्यकारी प्रमुख तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेडको जि.एम.को उपस्थितिमा के यु के एल कीर्तिपुर शाखाका प्रमुख ई. नारायण कर्णले कार्यपत्र प्रस्तुत गर्नुहुने भएको छ । उक्त विचार गोष्ठीमा उपस्थिति हुनको लागि आयोजकहरुले सबैमा अनुरोध गरिएको छ ।

# ‘अनमोल रत्न’ बुद्ध भजन अडियो सिडि विमोचन

नगां ज्ञानमाला भजन खलः नगांको पहिलो ज्ञानमाला भजन संग्रह ‘अनमोल रत्न’ अडियो सिडि एक कार्यक्रमको बीच जनकवि दुर्गालाल श्रेष्ठले विमोचन गर्नु भएको छ । गत जेठ १ गते शनिवार नगां ज्ञानमाला भजन खलःका निवर्तमान अध्यक्ष धनबहादुर महर्जनको सभापतित्वमा भएको एक कार्यक्रममा प्रमुख अतिथि जनकवि दुर्गालाल श्रेष्ठले पानसमा दीप प्रज्वलन गर्नुका साथै सिडिको विमोचन गर्नु भएको थियो ।

उक्त कार्यक्रमको अतिथिहरुमा गणमहाविहारका प्रमुख भिक्षु शोभित महास्थविर, नेपाल राष्ट्रिय ज्ञानमाला समितिका अध्यक्ष किरण कुमार जोशी, नेपाल सिलाई तथा कपडा व्यवसायी संघका निवर्तमान अध्यक्ष रमानाथ श्रेष्ठ,बरिष्ठ गायिका रमना श्रेष्ठ रहनु भएको थियो । स्वागत मन्तव्य भजन खलःका सचिव बेखाराम महर्जनले दिनु भएको थियो भने संगितको समिक्षा रमना श्रेष्ठले गर्नु भएको थियो । नगाउँकै सन्तोष महर्जनको एक्लो संगीत संयोजन रहेको उक्त सिडिमा रहेको गीत पनि कलाकारहरुले गाएर सुनाएका थिए । प्रमुख अतिथिले गीतकार, संगीतकार र गायक गायिकाहरुलाई मायाको चिनो प्रदान गरिएको थियो । त्यस्तै अतिथिहरुलाई पनि आयोजकको तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो ।



" Where Your Child Comes First"

Admission Open

Play Group to Upper K.G.




- We run on Classes with Limited Kids
- Creative Learning
- Playful Environment

Tyangla phant, Sangam Chowk-3
Tel : 01-4335606/ 9862239555

Learning is the eye of the mind. At STAR, it is fun and exciting.

Admission Open For 2073
in Play Group and Nursery

Star Pre – School

(Montessori and Conceptual School)

Learning with fun
Integrated Curriculum
Centrally Located
Healthy food
Music, Dance, Art Classes
Parents Counseling
Outdoor Activities
Periodic Health Checkup
Extra Hours child support for busy Parents
Montessori and conceptual Method of Teaching





Nayabazar, Kirtipur (Ace Bank Galli)
phone No. 014331174, 9841408785

# बचत आजको आवश्यकता

# विश्वसनियताको एउटै थलो

# निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**त:गवपि कीर्तिपुर, फोन: ४३३२८८१**

# च्याम्पियन लिगको फाइनल दुई स्पेनीज क्लब बीच



**–नविन महर्जन–**

च्याम्पियन्स लिगको फाइनल खेल आउँदो जेठ १५ गते शनिवार दुई स्पेनीज क्लब एट्लेटिको म्याड्रिड र रियल म्याड्रिड बीच हुने भएको छ। म्याड्रिडका दुई चर्चित क्लबले सेमिफाइनलमा आफ्नो प्रतिद्वन्दिलाई पराजित गरी फाइनल यात्रा तय गरेको थियो।

एटलिकोले आफ्नो घरेलु मैदानमा भएको पहिलो लेगमा वयार्न म्युनिकलाई १-० गोलले पराजित गरेको थियो । दोस्रो लेग गत बैशाख २१ गते मंगलवार भएको थियो जस्मा वायर्न २-१ गोलले विजयी भएको थियो। तर अवे गोलको आधारमा एट्लिटिको फाइनलमा पुग्न सफल भएको थियो । एट्लिको लागि समग्रमा बराबरी गोल एन्टोनियो ग्रिजम्यानले दोस्रो हाफमा गरेको थियो । वायर्नको लागि जाफे आयेन्सो र रोवर्ट लेवन्जेले गोल गरेको थिए तर त्यो फाइनल सम्म पुऱ्याउन असफल रह्यो। वायन म्यनीक लगातार ३ पटक स्पेनीज क्लबसँग पराजित हुँदै फाइनल पुग्न असफल हुँदै आएको छ।

त्यसैगरी रियल म्याड्रिड र म्यान्चेस्टर सिटी बीचको पहिलो लेग गोल रहीत बराबरीमा समाप्त भएको थियो तर गत बैशाख २२ गते बुधवार सम्पन्न दोस्रो लेगमा रियल म्याड्रिड १-० गोलले विजयी भए पछि दुई स्पेनिज क्लब बीच फाइनल हुने पक्का भएको थियो।

२८ मे अर्थात जेठ १५ गते उक्त फाइनल खेल मिलानमा हुनेछ।

गत तीनवर्ष यता वायर्न म्यूनिखको लागि च्याम्पियन्स लिगको फाइनलमा पुग्न कठीन रहँदै आएको छ । सेमिफाइनलको मुखमा पुगेर पनि फाइनलमा पुग्न असफल हुँदै आएको छ । तर वार्यन म्युनिखले जर्मन बुँडेस लिगमा आफ्नो छाप काय नै राखेको छ । यो सिजन लगातार चा पल्ट बुँडेसलिगमा आफ्नो जित कायम राखेको छ तर च्याम्पियन्स लिगमा भने अभागी सावित हुँदै आएको छ।

फुटवल प्रेमीहरु वायर्न म्युनिख र म्यान्चेस्टर सिटी बीच फाइनल खेल हेर्न चाहेको थियो । पहिलो लेगसम्म यो सम्भावना कायम रहेको थियो तर दोस्रो लेगमा यो सम्भावना रहेन र समिकरण दुई स्पेनिज क्लब बीच हुन पुग्यो।

च्याम्पियन्स लिग केवल युरोपमा मात्र होइन विश्व फुटवलमा सबभन्दा अब्बल रहेको लिग हो । जस्मा हाल स्पेनिज क्लबहरुको वर्चस्व कायम हुँदै आएको छ । वास्तविक विश्वमा चर्चिट बढी खेलाडीहरु स्पेनिज लिग लालिगमा नै अनुबन्ध भएको पाइन्छ जस्ले गर्दा च्याम्पियन्स लिगमा स्पेनिज क्लब हावी भएको देखिन्छ।

तसर्थ आगामी जेठ १५ गते हुने फाइनल खेल स्पेनिज लगायत विश्व फुटवल प्रेमीहरुलाई प्रतिक्षाको घडी रहेको छ।


## पत्रकार श्रीकृष्ण महर्जनया प्यंगूगु सफू

## किपूया गथु प्याखं (गं मखाःगु प्याखं)

सफू बजारय् पिदने धुंकूगु दु थःगु प्रति सुरक्षित यानादिसँ



**सफू दइगु थाय् व पसः**

१) ख्वपया च्याम्हसिंहया स्टेशनरी पसः
(श्याम सुन्दरया पसः)
२) ख्वप कमल विनायकया स्टेशनरी पसः
३) किपूया सतःक्वया स्टेशनरी पसः
४) किपूया देय् पुगूया बाघभैरव स्टेशनरी पसः
५) किपूया पांगा दोवाटोया किपू बूक प्वाइट
६) यैंया भोताहिति नातिबज्रया पसः
७) यैंया कुलाभुलिइ च्वंगु मंकाः धुकू पसः
८) कीर्तिपुर सन्देश वाःपौ व ज्वज्वलपा वाःपौया ज्याकू निखासि किपू,
९) यलया यल ध्वाखा लागाय् अशोक स्टेशनरी फोन नं: ४३३३००७, ९८४१४०१०७७
९) स्वापू नितिं मेमेगु नम्बरः ४३३४०१३, ९८४१७५२५८३, ९८४६०४६१२३९

**थःगु प्रति सुरक्षित यानादिसँ**

मू सच्छि तका जक (१००/–)



**VIDEO: 9741431243**



तपाई बजेट छान्नुस्
Per day charge
Rs.4500 A
Rs.12000 B
Rs.19000 C

सेवाका लागि हामि तयार छौं

ECONOMY STANDARD HD VIDEO
DVD USB

**PHOTO: 9841973789**



नेपाल सरकार

## कृषि विकास मन्त्रालय

# कृषि तथा खाद्य सुरक्षा आयोजना

कृषि तथा खाद्य सुरक्षा आयोजना बहुदाताहरुको सहयोगमा स्थापित Global Agriculture and Food Security Program (GAFSP) को अनुदान सहयोगमा नेपाल सरकार, कृषि विकास मन्त्रालय मार्फत मुख्य रुपमा कार्यान्वयनमा रहेको छ । पाँच वर्षे यो आयोजना आ.ब. २०७०/०७१ देखि जिल्लास्तर (जुम्ला, डोल्पा, हुम्ला, कालिकोट, मुगु, रूकुम, रोल्पा, प्यूठान, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, बझांग, बाजुरा, बैतडी, डडेलधुरा, डोटी, दार्चुला, अछाम) मा कार्यान्वयन भइरहेको र आयोजनाको सुपरिवेक्षण विश्व बैंकले गर्दै आएको छ। कृषि तथा पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बढाई खाद्यान्न तथा पौष्टिक खाद्य पदार्थको उपलब्धता र पहुँच बढाउनुका साथै खाद्य पोषण पोषण सम्बन्धि आनिवानिमा परिवर्तन ल्याई लक्षित वर्गको समग्र खाद्य तथा पोषण अवस्थामा सुधार ल्याउने उद्देश्य आयोजनाको रहेको छ । आयोजना अन्तर्गत आ.ब.२०७१/०७२देखि साना अनुदान कार्यक्रमको कार्यान्वयन जिल्लास्तरमा भईरहेको तथा चालु आ.व. ०७२/०७३ मा पनि साना अनुदानको कार्यक्रम आयोजना लागु भएका जिल्ला र सम्बन्धित गा.वि.स.मा सुचारु हुने भएकोले यस विषयमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरु, जिल्ला पशु सेवा कार्यालयहरु र जिल्ला जनस्वास्थ्य कार्यालयहरु, सो क्षेत्रका क्षेत्रिय निर्देशनालयहरु (कृषि, पशु सेवा) तथा आयोजना व्यवस्थापन कार्यालयमा सम्पर्क गरी जानकारी लिनु हुन अनुरोध छ ।

**आयोजना व्यवस्थापन कार्यालय, गैरीधारा, काठमाडौं**

फोन नं.: ९७७ १ ४००४०७५/७६
फ्याक्स नं : ९७७ १ ४००४०७८
Wevsite: www.afsp.gov.np



हिमाली आयोजना HIMALI Project

कृषि व्यवसाय विकासद्वारा उत्पादन वृद्धि !
नाफा, रोजगारी र हिमाली भेगमा सम्मृद्धि !!

संखुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, जुम्ला, डोल्पा, हुम्ला र मुगु गरी दश जिल्लामा हिमाली आयोजनाको सहयोग प्राप्त उप(आयोजनाहरु सञ्चालनमा छन् । उप-आयोजनाहरु प्रभावकारीरुपमा सञ्चालन गरौं । सञ्चालन गर्न सहयोग गरौं ।

पशु सेवा विभाग
हिमाली आयोजना
हरिहर भवन, ललितपुर
फोनः 015525831, 5528660
टोल फ्री नम्बर : 1660115500
वेब साइटः www.himali.gov.np

# कीर्तिपुर नगरपालिकाको बैठक काभ्रेको बनथलि भिलेज रिसोर्टमा



कीर्तिपुर नगरपालिकामा कार्यकारी अधिकृत उद्धव प्रसाद रिजाल आउनु भएपछि कीर्तिपुरको विकास निर्माण कार्यमा ध्यान दिएको देखिन्छ । काम गर्न सजिलो होस भनेर ११ वटा विषयगत उपसमितिहरु बनाएर काम गर्न थालेका छन् ।

गत जेठ २ र ३ गते नगरका विकास योजनाहरुको प्रभावकारी कार्यान्वयनको विषयमा दुई दिने छलफल तथा अन्तरक्रिया कार्यक्रम काभ्रे जिल्लाको वनथली भिलेज रिसोर्टमा सम्पन्न गरिएको छ ।

उक्त छलफल कार्यक्रममा ... गत समिति र ... दस्यहरुले भाग ... षयगत समिति ... कहरु यसप्रकार ...

१.ने.क.पा एमालेका प्रतिनिधि रमेश महर्जनको संयोजकत्वमा १.पुनः निर्माण उपसमिति, २.सम्पदा र सार्वजनिक सम्पति संरक्षण ३.खेलकूद रहेका छन् ।

२. नेपाली कांग्रेसका प्रतिनिधि राजकुमार महर्जनको संयोजकत्वमा १. खानेपानी समिति, २. उद्योग, व्यापार र पर्यटन, ३.सुशासन रहेका छन् ।

३. एमाओवादी पार्टीका शम्भुराम महर्जनको संयोजकत्वमा १.वातावरण, २. स्वास्थ्य र ३. शिक्षा रहेका छन् ।

४. राप्रपाको प्रतिनिधि जितवहादुर विष्टको संयोजकत्वमा कृषि र सिंचाई जिम्मा दिइएको छ ।

प्रत्येक समितिमा ९ सदस्य रहेतापनि उक्त कार्यक्रमस्थलमा जम्मा ४१ जनाको मात्र उपस्थिति रहेको जानकारी प्राप्त भएको छ । त्यसको अलावा कीर्तिपुर नगरपालिकाका अधिकृतस्तरका सबै कर्मचारीहरुको पनि सहभागिता रहेको छ ।

यो भन्दा अगाडि छैमले रिसोर्टमा पनि यसरी नै दुई दिन लगाएर छलफल तथा अन्तर क्रिया कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टी, नेकपा माओवादी क्रान्तिकारीको पनि सहभागिता रहेको थियो । तर यसपाली यी दुई पार्टीलाई खबरै नगरेको भन्ने जानकारी प्राप्त भएको छ । छैमलेमा भएको कार्यक्रममा अहिले अनुपस्थित दुईटै पार्टीलाई पनि समितिको जिम्मा दिइएको थियो तर अहिले अर्कैलाई दिइसकेको छ । दुई महिनापछि फेरि कुनचाहिं रिसोर्टमा गएर जनताले तिरेको करको दुरुपयोग गर्ने हो भन्न सकिन्न । बैठक र छलफल गर्न के कीर्तिपुर नगरपालिकाभित्र कुनै उपयुक्त ठाउँ थिएन र अर्को जिल्लाको रिसोर्टमै गएर लाखौं रुपैयाँ खर्च गर्ने भनेर कीर्तिपुरवासीले प्रश्न उठाउन थालेका छन् । राजनीतिक दलका प्रतिनिधिहरु जनताले तिरेका करबाट मोजमस्ति गर्न नगरपालिकामा गएका हुन कि यो उहाँहरुको नैतिकताले कसरी दियो भन्ने पनि सवाल उठ्न थालेका हुन ।

# पाँगाका ज्येष्ठ नागरिकहरुको जलविनायक भ्रमण

गत बैशाख ४ गते स्थापना भई उद्घाटन भएको पाँगाको ज्येष्ठ नागरिक सेवा केन्द्रले भोलिपल्ट देखिनै ज्येष्ठ नागरिकहरुलाई लाछिको नासः द्यः भवनमा भेला गराई दिनभर मनोरंजनात्मक कार्यक्रम गरी ज्येष्ठ नागरिकहरुको सेवा गरिंदै आएका छन । दिनभरी कहाँ जाउँ के गरुँ जस्तो लाग्ने ज्येष्ठ नागरिकहरुलाई एक ठाउँमा भेला गराई योग समेत सिकाउने गरिएको छ । यसबाट उहाँहरुको स्वास्थ्यमा निकै सुधार आएको देखिन्छ ।

आमाको मुख हेर्ने औंसिको दिन केक काट्न लगाएर एक मिनेट मौन धारण गरी आ-आफ्ना आमाको स्मरण गर्न लगाएका थिए । सो अवसरमा केक, दही फलफूल खुवाइएको थियो । त्यस्तै कीर्तिपुर यातायात सेवाको सहयोगमा गत जेठ १ गते ज्येष्ठ नागरिकहरुलाई चोभारस्थित जलविनायक मन्दिर परिसर घुमाउन लगिएको थियो । जहाँ दिनभरी राखेर मनोरंजन गराई भोजन गराएर साँझ घरमा ल्याई पुर्‍याइएको थियो । असक्तताको कारण निकै समयदेखि जलविनायकको दर्शन गर्न नपाएका धेरै ज्येष्ठ नागरिकहरु त्यस दिन अति खुशी भएका थिए । ज्येष्ठ नागरिक सेवा केन्द्रको यस्तो अति राम्रो कृयाकलापलाई मध्य नजर राखी सहयोगी हातहरु बढिरहेका छन् ।

**आइतवाः पतिकं**
**ल्वःकंह्वाःगु नेपालभाषाया**
**ज्वज्वलपा वाःपौ ब्वनादिसँ**
**ब्वंकादिसँ**
***झीगु भाय्, संस्कृति हे झीगु म्हसीका***

ज्याकूः **निखासी त्वाः किपू नपा-३**
फोन ल्याः ४३३३००७,९८४१७६८१४३
ई-मेल : kirtipur_sandesh@live.com

## खोरेत रोग बारे सूचना

खोरेत गाई, भैसी, भेडा, बाखा, सुंगुर, बंगुर आदिमा लाग्ने महामारी रोग भएकोले रोग देखा परेमा धेरै पशुवस्तु प्रभावित भै उत्पादन घट्ने तथा रोगी जनावरमा लामो समयसम्म विषानु जीवित रही संसर्गबाट अरु जनावरमा रोग फैलिने हुँदा आफुले पालेका गाईवस्तुलाई रोग लाग्न नदिन निम्न उपाय अवलम्बन गरौं ।

- घरपालुवा खुरफुट्टा जनावरलाई अनिवार्य खोरेत विरुद्धको खोप लगाऔं ।
- रोग देखापरेमा रोगी जनावरलाई अलग्गै बाँधेर उपचार गरौं ।
- संसर्गबाट रोग अरु पशुवस्तुमा सर्ने भएकोले चरिचरनमा नपठाऔं ।
- रोग देखा परेमा तुरुन्त नजिकको पशुसेवा निकायमा सम्पर्क राखौं ।

नेपाल सरकार
पशुसेवा विभाग
पशुस्वास्थ्य निर्देशनालय
त्रिपुरेश्वर, काठमाण्डौं फो.नं. ०१-४२६१५६९, ४२६११६५

## "घर-घरमा चर्पी जिल्लाको शान, सुन्दर सफा ललितपुर हाम्रो पहिचान

महाभूकम्पले निम्ताएको यस विपतिमा सम्पूर्ण ललितपुरका आम समुदायहरुमा चर्पी मर्मत गरी वा अस्थायी चर्पी निर्माण गरी प्रयोग गरौं, घर-आँगन सफा राखौं, सुन्दर सफा वातावरणको निर्माण गरौं, खानेपानीमा क्लोरिन राखी पानी शुद्धिकरण गरी प्रयोग गरौं, क्लोरिन यस कार्यालयबाट निःशुल्क उपलब्ध गराइएको छ ।

खानेपानी तथा सरसफाई
डिभिजन कार्यालय
ललितपुर







# गुर्जोको खेती



**डा.सोनेलाल साह**

वैज्ञानिक नामः Tinospora cordifolia.

संस्कृत नामः अमृता, गुडुची

नेपाली नामः गुर्जो

पाइने स्थान : उष्ण प्रदेश र १२०० मिटरसम्मको उचाईमा यसको खेती गर्न सकिन्छ।

परिचयः यो बुछ्यान जातीको लहरा हो।

पातः यसको पात पानको पात जस्तो आकारको हुन्छ। काण्डः यसको काण्ड पातलो भिल्लीले ढाकिएको फुस्रो देखिन्छ र भित्र हरियो हुन्छ। काण्डबाट थुप्रै धागो जस्ता जरा निस्केर हावामा झुलि रहन्छ।

डाँठ : यसको डाँठ नरम र नौनी रङ्गको हुन्छ।

फूल : यसको फूल पहेंला वा फिक्का हरियो रङ्गका र स-साना हुन्छन्।

फल : यसको फल केराउको जस्तो गोला र राता हुन्छन्।

उपयोगी भागः काण्ड र जरा

उपयोगिता : ज्वरो, पाण्डु, मधुमेह, अम्लपित्त, पिसाब कम लाग्ने, वातखत, उच्च रक्तचाप, आदि रोगमा यसको प्रयोग गरिन्छ। कुखुरामा लाग्ने रानीखेत रोगको रोकथाममा पनि निकै उपयोगी मानिएको छ। अहिले यसको डाँठबाट केहि उद्योगले जडिबुटि चियाको उत्पादन गर्न थालेका छन्। यसबाट बनाइएको चिया नेपालमा मात्र होइन विदेशमा समेत निर्यात हुँदै आएको छ। हाल तेस्रो मुलुकमा यसको माग बढ्दै गएको छ। खासगरि संकलनका लागि जंगलमा नै भर पर्ने हुँदा यस विरुवाको ह्रास हुन थालेको छ। ह्रास हुने सम्भावनालाई ध्यानमा राखी हाल यसको खेती विस्तार गर्ने आवश्यकता औल्याउन थालेको छ।

खेती प्रणालीः खेती प्रणाली यसको महत्व छ र खेतीका लागि पनि निकै सजिलो छ। यसको खेती गर्न मलिलो उब्जाउ जमिनको आवश्यकता पर्दैन। यसका लागि वन, कान्ला, पाखो, बारी पर्खाल, खोलाबगर तथा खर बारीनै उर्वर हो। त्यसो त कालो बलौटे माटो यसका लागि उपयुक्त मानिन्छ। अन्य विरुवको तुलनामा यसको खेती गर्न सजिलो छ। यसका लागि विरुवा उमार्न कुनै नर्सरीको जरुरत पर्दैन। यसका डाँठलाई काटेर सोझै रोप्न सकिन्छ। लहराको कटिङ्ग गरी माघ फाल्गुणमा रोप्न सकिन्छ। तर कटिङ्ग गर्दा के ध्यान पुऱ्याउनु पर्छ भने ब्याडको लम्बाई १-४ फिटसम्म हुनु पर्दछ। विरुवालाई रोप्ता फेडतिरबाट रोप्नु पर्ने भएकोले टुप्पो र फेद छुट्याउँदा ख्याल राख्नुपर्छ। कटिङ्गबाट सोझै नरोपे यसलाई चिस्यानयुक्त वालुवामा गाडि जरा पलाउन दिनुपर्छ। यसरी कटिङ्ग गरि एको विरुवा रोप्न छानिएको जग्गामा मल राखी खनजोत साथ तयारी गर्नु पर्दछ। यसरी तयार गरेको जग्गामा एक विरुवादेखि अर्काको दुरी १ फिट र एक लाइनबाट अर्कोको दुरी २-४ फिट सम्मको हुनुपर्छ।

संकलनः गुर्जो कटिङ्गबाट सारि एको बेर्नामा हाँगा पलाउन थालेपछि टाँड बनाउनु पर्छ, जसले गर्दा लहरा छिटो छिटो बढ्छ। यसरी रोपिएका बेर्ना २ वर्ष पछि संकलन योग्य हुन्छन्। यसका संकलन गर्न हिउँद महिना मंसिर देखि फाल्गुण उपयुक्त समय हो। उपयुक्त समय हो। उपयुक्त समय र वैज्ञानिक तरिकाले खेती गर मा २ वर्षपछि साधारतया प्रतिर पनी ५०० के.जि. सुकेको गुर्जो उत्पादन गर्न सकिन्छ। संकलन गर्दा लहरालाई जमिनभन्दा १० देखि १५ से.मि. माथि काट्नु पर्छ। यसरी संकलन गर्दा वर्षैपच्छि विरुवा लगाई रहनु पर्दैन।

भण्डारणः संकलन गरिएको गुर्जोको लहरालाई सफा पानीमा धुनुपर्छ त्यसपछि चिसो ओभाए पछि चिरेर ५-६ से.मि.को टुक्रा बनाई अलि-अलि मुंग्रोले थिचेर थाममा सुकाउनु पर्दछ। यसरी सुकाएमा ७-१५ दिनमा गुर्जो बिक्री गर्नका लागि तयार हुन्छ।

**खेती प्रणाली यसको महत्व छ र खेतीका लागि पनि निकै सजिलो छ। यसको खेती गर्न मलिलो उब्जाउ जमिनको आवश्यकता पर्दैन।**

कविता

## ओलीको बोली गोलीको निशानझैं

**कबि : राम महर्जन**

कि. न. पा १६ नगाउँ



म यो देशको ठूलै मान्छे पो हुँ
तर पनि कता कता म चुके जस्तो छ
मलाई नै थाहा भएन म कस्तो बेहोसी रहेछ
यार यस्तो त नहुनु पर्ने थियो खोई ?
बहतर बैशाख १२ र २९ को महाभुकम्पले
क्षत विक्षत पारेका जनताका घर टहराहरु
एक वर्ष बितिसक्यो तर पनि पुनः निर्माण भएन
यस्मा म चुकेकै हो कि नत्र बनाई सक्नु पर्ने थियो ॥
म निदाएर बसेको त पक्कै होइन
तर पनि विना काम एक वर्ष बित्यो कसरी भनि
सोची हेर्दा बल्ल बिउँझे ६ महिने समय त
कोइरालाज्यूको कार्यकालमा बितेको थियो नि ॥
यो कुरा सबै जनताहरुलाई घाम जतिक्कै
छर्लङ्ग भएको कुरा हो नि
त्यसैले अब म समय खेर फाल्ने छैन
तदारुकता साथ पुनः निर्माण कार्य छिट्टै ॥
शुरु गराई आउँदो आषाढ अगावै
जनताहरुलाई छाना मुनी राख्ने गरी
पुनः निर्माण कार्य गरि आउनु भनेर नै
तीन हजार ईन्जिनियर साहेवहरुलाई खटाई सके ॥
देशवासीहरुको सामु विश्वास दिएर बोल्छु की
पुनः निर्माण कार्य छिट्टै सम्पन्न हुन्छ किनकी
ओलीको बोली गोलीको निशान नचुके झैं
फरक पदैन तुईनको जमाना गए जस्तै नपत्याए हेर्नुहोला ॥

# कीर्तिपुर नगरपालिका कार्यालयको

## पूनः सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

### (प्रथम पटक प्रकाशित मितिः २०७३/२/५.......)

यस कीर्तिपुर नगरपालिकाको चालू आ.व. ०७२/०७३ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत स्वीकृत देहायको योजना ठेक्काद्वारा गर्नका लागि मिति २०७३/१/१३ गते स्थानीय कीर्तिपुर दर्पणमा प्रकाशित सिलवन्दी दरभाउपत्रको सूचनानुसार प्राप्त दरभाउपत्रहरु रद्द भएको हुँदा ईच्छुक सम्बन्धित कार्यको अनुभवी रजिष्टर्ड निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवशाय कर प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन पूनः आह्वान गरिन्छ।

१) दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण ब्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ।
२) सिलबन्दी दरभाउपत्र निम्नानुसार मिति, समय र स्थानमा खरीद गरी दर्ता गरि सक्नुपर्नेछ। दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा खोलिनेछ। निजहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपपत्र खोल्न कुनै बाधा पर्नेछैन।
३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ।
४) सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
५) सिलबन्दी दरभाउपपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम धरौटीको रुपमा नेपाल राष्टृ बैंक थापाथलीमा रहेको यस नगरपालिकाको धरौटी खाता नं. १२०४७०३(००१(०३०(५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ७५ दिन मान्य अवधि भएको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न भएको हुनुपर्नेछ।
६) दरभाउपपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ।
७) दरभाउपपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ।
८) दरभाउपपत्र सम्वन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ।
९)यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ।
१०) दरभाउपपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना शाखामा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

| सि. नं. | कामको विवरण | दरभाउपत्र खरीद गर्ने अन्तिम मिति, | दरभाउपत्र पेश गर्ने अन्तिम मिति, | दरभाउपत्र खोल्ने मिति, | दरभाउपत्र खरीद मूल्य |
|---|---|---|---|---|---|
| १. | पाँगा कृष्ण सिनेभिजन देखि<br>नगाउँ सडक मर्मत सुधार | समय र स्थान<br>प्रथम पटक प्रकाशित मितिले ७ औं | समय र स्थान<br>८ औं दिन, दिनको १२:०० बजे सम्म | समय र स्थान<br>८ औं दिन, दिनको ५:०० | (पछी फिर्ता नहुने)<br>३००।- |
| २. | उमामहेश्वर मन्दिरको लागि<br>घण्टा थान १ सप्लाई तथा जडान | दिन कीर्तिपुर नगरपालिका कार्यालय<br>ऐ ऐ | कीर्तिपुर नगरपालिका कार्यालय<br>ऐ ऐ | बजे, नगरपालिका कार्यालय<br>ऐ ऐ | ऐ ऐ |

# भावपूर्ण श्रद्धाञ्जली

जन्मः
वि. सं. ००९ चैत्र



निधनः
२०७३/०१/२६





स्व.लक्ष्मी महर्जन

यस गुठीका श्रीमती लक्ष्मी महर्जन ६३ वर्षको उमेरमा यही २०७३ बैशाख २६ गते असामयिक दिवंगत हुनु भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

## बिचाः गुठी

पांगा, दथल
२००६

# हार्दिक समवेदना

जन्मः
२०००/०४/०४



निधनः
२०७३/०१/१६





(स्व. नाति महर्जन)

हाम्रा कान्छि बुहारी बिन्दु महर्जनका पुज्यनिय पिता नाति महर्जनको ७२ वर्षको उमेरमा २०७३/०१/१९ गते दिवंगत हुनुभएकोले उहांको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

श्रद्धाञ्जली व्यक्त गर्नेहरू :

| | |
|---|---|
| सानु भाई महर्जन (सम्धी) | रोमिक महर्जन (नाति) |
| चन्द्र माया महर्जन | अर्बिस महर्जन (नाति) |
| नरेश महर्जन (ज्वाई) | तथा |
| बिन्दु महर्जन (छोरी) | समस्त ज्वजलपा निवास परिवार |



# हार्दिक श्रद्धाञ्जली

जन्मः:
वि. सं. २००० असार



निधनः
२०७३ बैशाख १९ आइतवार







**स्व. नाति महर्जन**

यस सलिछें बचत कोषका सदस्य श्री नविन महर्जनज्यूका अबु नाति महर्जन गत २०७३ बैशाख १९ गते आइतवार का दिन ७३ वर्षको उमेरमा आकस्मिक निधन भएकोमा हामी मर्माहत भएका छौं । दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

श्रद्धाञ्जली अर्पण गर्नेहरु :

| | | | | |
|---|---|---|---|---|
| १.दिलकुमार महर्जन | ६.सचिन महर्जन | ११.विकास महर्जन (ए) | १६.सिद्धिबहादुर महर्जन | २१.वासुदेव महर्जन |
| २.हरी गोपाल तण्डुकार | ७.प्रदिप महर्जन | १२.इच्छा महर्जन | १७.रामकृष्ण डंगोल | २२.रमेश महर्जन |
| ३.अमीर महर्जन | ८.सजन महर्जन | १३. हेमन्त महर्जन | १८.प्रकाश कुमार महर्जन | २३.राजेन्द्र कुमार महर्जन |
| ४.प्रकाश महर्जन | ९.भाइबहादुर महर्जन | १४. धर्म महर्जन | १९. अनिल राजभण्डारी | २४. महेन्द्र महर्जनक |
| ५.राजेश महर्जन | १०.राजेन्द्र महर्जन (ए) | १५. शिव महर्जन | २०.विकास महर्जन (बी) | |





प्रमाणित सुन तथा चाँदीका गहनाका लागि

पद्मिनि

Jewellers

अहिले पनि पद्मिनिको गहना जहिले पनि

सुन भनेको विश्वास हो

२४ क्यारेट भनेर किने पछि
२४ क्यारेट नै हुनुपर्छ

सुनका गहना, आर्कषक
डिजाईन र भरपर्दो हुनुपर्छ

स्थान : त:ग वपी,नगाऊँ ढोबाटो, कीर्तिपुर-१७
सर्म्पक : ९८०२०१३७८०